# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

SEACEN- Toronto Centre र यस बैंकले आयोजना गरेको "SEACEN- Toronto Centre Course on Risk Based Supervision" विषयक सेमिनार २०६८ फाल्गुण २१ गते काठमाडौंमा सुरु भयो । तालिमको औपचारिक उद्घाटन फागुन २२ गते गभर्नर डा. युवराज खतिवडाले एक समारोहका बीच गर्नुभयो ।

समारोहमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. खतिवडाले दक्षिण-पूर्वी एसियाली देशहरुको जोखिम व्यवस्थापन गर्ने कार्यमा सुधार ल्याउन सेमिनार फलदायी हुने विचार व्यक्त गर्नु भयो । गभर्नर डा.खतिवडाले केन्द्रीय बैंकिङ्गका बारेमा समय समयमा उठ्ने विभिन्न विषयका सम्बन्धमा यस क्षेत्रका केन्द्रीय बैंकहरुबीच ज्ञान आदान प्रदान गर्न SEACEN Centre ले महत्वपूर्ण फोरमको रुपमा




काम गर्नुका साथै सो Centre केन्द्रीय बैंकमा काम गर्नेहरुको लागि आफ्ना अनुभव आदान प्रदान गरी क्षमता अभिवृद्धि गर्ने थलोको रुपमा रहेको धारणा समेत राख्नु भयो । अहिले वस्तु तथा सेवाको विस्तार तथा वित्तीय संस्थाहरुबीच रहेको आपसी अन्तर निर्भरतासँगै जोखिमको आगमन पनि उच्च भएको हुँदा कुनै एक वित्तीय संस्थाको मात्र नभई देशको सम्पूर्ण वित्तीय प्रणालीको स्वास्थ्य स्थिति चुस्त दुरुस्त बनाई राख्न नियमनकारी निकायको लागि जोखिममा आधारित सुपरिवेक्षण अवश्यम्भावी रहेको धारणा पनि उहाँले राख्नु भयो । उहाँले विश्वव्यापी आर्थिक संकटले पनि वित्तीय स्थायित्वको लागि जोखिममा आधारित सुपरिवेक्षण एउटा प्रमुख औजार हो भन्ने पाठ सिकाइ सकेको धारणा पनि सो अवसरमा राख्नु भयो । प्रविधिको विकास, व्यापार तथा व्यवसायमा विश्वव्यापीकरणका साथै अन्तर देशीय तथा अन्तर क्षेत्रीय क्रियाकलापले गर्दा कर्जा तथा सञ्चालन जोखिमका साथै अन्य जोखिमहरुको आगमन पनि बढेकाले वित्तीय प्रणालीको सक्षमता, सुरक्षा र स्थायित्वको लागि समेत जोखिममा आधारित सुपरिवेक्षण प्रणाली नियमनकारी निकायको एक महत्वपूर्ण साधनको रुपमा रहेको धारणा पनि उहाँले राख्नु भयो । गभर्नर डा. खतिवडाले Macro Prudential Stability का लागि पनि प्रभावकारी नियमन तथा सुपरिवेक्षण आवश्यक रहेको धारणा राख्दै नेपाल राष्ट्र बैंकले सुपरिवेक्षकीय दक्षता अभिवृद्धि गर्न स्थलगत र गैर स्थलगत सुपरिवेक्षण जस्ता प्रणालीलाई लागू गरेर प्रभावकारी नियमन तथा सुपरिवेक्षकीय क्षमताको अभिवृद्धि गरेको विचार पनि व्यक्त गर्नु भयो । यसको लागि नेपाल राष्ट्र बैंकले

Risk Management Guideline का साथै Stress Testing Guideline लागू गरेको धारणा पनि उहाँले राख्नु भयो । जोखिममा आधारित सुपरिवेक्षण सम्बन्धमा आई पर्ने समस्याहरुसँग यस क्षेत्रका नियमनकारी निकायहरु अनविज्ञ नरहेकाले सेमिनारले यस सम्बन्धमा पनि केही नयाँ धारणाहरु पहिल्याउने आशा पनि उहाँले व्यक्त गर्नुभयो । दक्षिण पूर्वी एसियाली देशहरुमा जोखिममा आधारित सुपरिवेक्षण लागू गरिरहेका नियमक तथा निरीक्षकहरुलाई यस सेमिनारले कही नयाँ आयाम दिने विश्वास पनि उहाँले व्यक्त गर्नु भयो ।

समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै सिसन सेन्टरका Acting Director Dr. Vincent Lim Choon Sing ले वित्तीय साधनको तीव्र आविष्कार, वित्तीय क्रियाकलापमा विविधता आदिका कारणले बैंकिङ्ग क्रियाकलापमा जतातत्तै जोखिमको उपस्थिति रहेको र वित्तीय स्थायित्वको लागि जोखिममा आधारित सुपरिवेक्षण एक अनिवार्य साधन भै सकेकोले सेमिनार यस अर्थमा फलदायी हुने विश्वास राख्दै सेमिनारमा सक्रियता पूर्वक भाग लिन सम्पूर्ण सहभागीहरुलाई अनुरोध गर्नु भयो ।

त्यसैगरी Toronto Centre का Program Director Mr. Chris Cardoza ले पनि प्रविधिको विकास, व्यवसायमा विश्वव्यापीकरण लगायतका कारणले यस क्षेत्रका साथै विभिन्न देशको वित्तीय प्रणालीमा विभिन्न चुनौती र समस्याहरु रहेकाले तिनको बारेमा एक आपसमा अनुभव आदान प्रदान गरी सामूहिक प्रयासबाट समाधान खोज्न सेमिनार फलदायी हुने धारणा राख्नु भयो ।

६ दिनसम्म सञ्चालन हुने उक्त सेमिनारमा SEACEN राष्ट्रका केन्द्रीय बैंकका कर्मचारीहरुको सहभागिता रहेको छ ।

गभर्नरको कार्यालय